नेपाल सरकार
# युवा, श्रम तथा रोजगार मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## प्रेस विज्ञप्ति

नेपाल सरकारले वि.सं. २०८३/८४ देखि २०९२/९३ सम्मको अवधिलाई "रोजगार दशक" का रूपमा अघि बढाउने सन्दर्भमा उत्पादनशील रोजगारी सिर्जना, सीप विकास तथा श्रम बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले **"सीप र रोजगारी : साझा जिम्मेवारी"** भन्ने नाराका साथ यस मन्त्रालयले कोशी प्रदेशको इटहरीमा २०८३ साल असोज १४ गतेदेखि २० गतेसम्म सीप तथा रोजगार मेला, २०८३ आयोजना गर्दैछ।

कोशी प्रदेशमा आयोजना हुन लागेको यस मेलालाई उद्योगको आवश्यकता, श्रम बजारको माग र सीपयुक्त जनशक्तिबीचको सम्बन्धलाई थप सुदृढ गर्ने महत्वपूर्ण पहलका रूपमा लिइएको छ। मन्त्रालयले सीप तथा रोजगार मेला सञ्चालन निर्देशिका, २०८३ स्वीकृत गरी सोही निर्देशिकाको नीतिगत मार्गदिशा बमोजिम यस मेलामा उद्योग, सेवा, कृषि, निर्माण लगायतका विभिन्न १० विधामा जम्मा ६५ वटा स्टलहरु रहने छन् । सीप तथा रोजगार मेलाको मुख्य अवधारणा "माग → सीप तालिम → रोजगार" लाई एउटै प्रणालीमा आबद्ध गर्नु रहेको छ। आवश्यकताका आधारमा मागअनुसार सीप तालिम सञ्चालन गरी रोजगारी सुनिश्चित गर्ने, उद्योगी, श्रमिक, शैक्षिक संस्था र सरकारबीचको समन्वय तथा साझेदारीलाई प्रभावकारी बनाउने र रोजगारदाता तथा रोजगार खोज्ने व्यक्तिबीच प्रत्यक्ष सम्पर्क स्थापित गर्ने उद्देश्य लिइएको छ।

तीनै तहका सरकार, निजी क्षेत्र एवम् विकास साझेदारको सहभागिता र सहकार्यमा कोशी प्रदेशमा सीप तथा रोजगार मेला सञ्चालन गर्न लागिएको हो। नेपालको प्रमुख औद्योगिक क्षेत्रको रूपमा रहेको सुनसरी-मोरङ औद्योगिक करिडोरमा पर्ने स्थानीय सरकारहरु विराटनगर महानगरपालिका, धरान उपमहानगरपालिका, इटहरी उपमहानगरपालिका, इनरुवा नगरपालिका, सुन्दरहरैंचा नगरपालिका, दुहबी नगरपालिका, कटहरी गाउँपालिका, बुढीगंगा गाउँपालिका र गढी गाउँपालिका लगायतका कोशी प्रदेश अन्तर्गत रहेका सबै १३७ स्थानीय सरकारहरु र विभिन्न निजी क्षेत्रको प्रतिनिधित्व गर्ने नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेश, नेपाल उद्योग परिसंघ, कोशी प्रदेश, नेपाल घरेलु तथा साना उद्योग महासंघ, कोशी प्रदेश, उद्योग संगठन मोरङ, नेपाल ट्रेड युनियन महासंघ, कोशी प्रदेश लगायतका निजी संघ संस्थाहरुको साथै नेपाल गाउँपालिका महासंघ, नेपाल नगरपालिका संघ, कोशी प्रदेशमा रहेका जिल्ला समन्वय समितिको सक्रियता, सहकार्य र सहयोगमा यो मेला सञ्चालन गर्न लागिएको हो।

यस मेलाका लागि तयार गरिएको jobfair.shramsansar.gov.np पोर्टल मार्फत कोशी प्रदेशमा रहेका १३७ स्थानीय तहमा कार्यरत रोजगार संयोजकको सक्रिय सहभागितामा रोजगारदाता तथा रोजगारी खोज्ने व्यक्तिबीच अधिकतम जब म्याचिङ गरी रोजगारीका अवसर सिर्जना गर्ने लक्ष्य राखिएको छ।

नेपाल सरकारले आवश्यकता र मागअनुसार सीप, सीपअनुसार रोजगार र रोजगारमार्फत स्वदेशमै सम्मानजनक भविष्य निर्माण गर्ने उद्देश्यका साथ सञ्चालन गर्न लागेको यस सीप तथा रोजगार मेलामा रोजगारदाता, उद्योगी व्यवसायी, श्रमिक, शैक्षिक तथा प्राविधिक संस्था, युवा तथा सम्वन्धित सबै सरोकारवालाको सक्रिय सहभागिताका लागि हार्दिक अनुरोध गर्दछ।

मितिः २०८३/०६/०७
११४६ जंलाथ्व द्वादशी

(मिरा आचार्य)
सहसचिव/प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेब साईटः- www.moless.gov.np